नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पी.एस.(EPS) कोरिया शाखा
ग्वार्को, ललितपुरको

मितिः-२०८२/१२/०२

**Root Industry** को तालिम प्रयोजनको लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र गणतन्त्र कोरिया, रोजगार तथा श्रम मन्त्रालय बीच सम्पन्न समझदारी पत्र (MoU) अनुरुप रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरियामा नेपाली नागरिकलाई रोजगारीको अवसर प्रदान गर्दै आएको सन्दर्भमा Root Industry को वेल्डिङ क्षेत्रतर्फ कामदार पठाउने प्रयास स्वरुप Root Industry मार्फत कामदार कोरिया पठाउने सिलसिलामा उम्मेदवारको छनौट गर्न कोरियन भाषा परीक्षा संचालन गर्ने सम्बन्धमा HRD-Korea बाट सन् १२ मार्च, २०२६ मा प्राप्त पत्रानुसार १२० घण्टाको कोरियन भाषा तथा १२० घण्टाको वेल्डिङ विषयमा तालिम प्रदान गरी रोजगार प्रकृयामा आबद्ध गराउने हुँदा उक्त तालिम कार्यक्रममा सःशुल्क सहभागी हुन इच्छुक तपशिलमा उल्लेखित योग्य नेपाली नागरिकहरुबाट देहाय बमोजिम विवरणका आधारमा आवेदन फाराम दर्ता गर्नु हुन यो सूचना आह्वान गरिएको छ ।

**तालिम तथा अन्य विवरणहरु निम्नानुसार उल्लेख गरीएको छ ।**

**१. तालिम तथा कार्य गर्नुपर्ने क्षेत्र** :- तालिम र कोरियन भाषा परीक्षा उत्तीर्ण पश्चात रोजगारदाताको छनौटमा परेमा वेल्डिङ क्षेत्रमा कार्य गर्नुपर्ने ।

२. **आवेदकको योग्यता** :-

क) नेपाली नागरिक ।

ख) उमेर १८ वर्ष पुरा भई ३९ वर्ष ननाघेको, अर्थात सम्बन्धित उम्मेदवारको जन्म मिति २०६४ चैत्र ०४ देखी २०४३ चैत्र ०३ (सन् 2008 March 17 देखि 1987 March 17) बीचको हुनु पर्नेछ ।

ग) Working visa (E-9) मा कोरिया गई कार्य नगरेको ।

घ) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नभएको ।

ङ) गणतन्त्र कोरियामा गई गैह्र कानूनी गतिविधिमा संलग्न भई वा गैह्र कानूनी रुपमा बसोवास गरी कोरियाबाट फिर्ता नपठाइएको ।

च) नेपाल सरकारले अन्य मुलुकमा जान रोक नलगाएको ।

छ) Color Blindness, Color weakness र Disk & Finger Amputation नभएको ।

ज) न्यूनतम दश जोड दुई (१०+२) कक्षा वा सो सरह उत्तीर्ण भएको ।

झ) कोरिया वा नेपालमा कम्तिमा एक महिनाको व्यवसायीक तालिम लिएको।

ञ) कोरियन भाषामा न्यूनतम TOPIK Level-1 तह उत्तीर्ण भएको ।

ट) वेल्डिङ सम्बन्धी तालिम लिई राष्ट्रिय सीप परीक्षण समिति NSTB बाट कम्तिमा level -1 उत्तीर्ण गरेको प्रमाण पत्र भएकालाई ग्राहायता दिइने ।

३. आवेदन दर्ता प्रकृया:-

क) आवेदन दर्ता मिति:- २०८२/१२/०३ गते मंगलबार १०:०० बजे देखि २०८२/१२/०८ गते आईतबार (तद्नुसार मार्च १७ देखि २२, २०२६) सम्म ।

ख) आवेदन दर्ता प्रकृया:- परीक्षा आवेदन फाराम **epsnepal.gov.np** मा गई अनलाईनबाट मात्र भर्नु पर्नेछ ।

**ग) आवेदन दर्ताका लागि आवश्यक कागजातहरू :-**

- आवेदकले आवेदन फाराम भर्दा राहदानीको फोटो भएको पेज (बायो पेज) को रंगिन (Colour) स्क्यान गरेको JPG Image file (Width 600 pixels, Less than 100 KB) अपलोड गर्नु पर्नेछ ।
- आवेदकले आवेदन फाराम साथ शैक्षिक योग्यताको प्रमाण पत्र (अनिवार्य), सम्बन्धित क्षेत्रको तालिम लिएको प्रमाण पत्र, सम्बन्धित क्षेत्रमा अनुभव भएको प्रमाण पत्र, TOPIK Level उत्तीर्ण भएको प्रमाण पत्र र NSTB बाट प्राप्त सीप परीक्षण प्रमाण पत्र भएमा अनिवार्य रुपमा नोटरी गरी संलग्न गर्नुपर्नेछ ।नोटरी नगरेको प्रमाण पत्र मान्य हुने छैन ।पेश हुन आएका कागजातहरु उपर शंका लागि वैधता परीक्षण गर्न शाखाले सो प्रमाणपत्र जारी गर्ने निकायसंग समन्वय गर्न सक्नेछ ।
- आवेदन फाराममा ३ महिना यता खिचेको दुवै कान देखिने एम.आर.पी. साईजको सेतो पृष्ठभूमि भएको, upper chest देखिने, सेतो कपडा नलगाएको रङ्गीन फोटो (File Type: Only JPG Less than 15 KB size) को फोटो स्क्यान गरी अपलोड गर्नु पर्नेछ ।

घ) आवेदन दस्तुर:- नि:शुल्क।

४. परीक्षा शुल्क :

तालिम सम्पन्न भए पश्चात तुरुन्तै भाषा परिक्षा सञ्चालन हुनेछ । आवेदकहरु छनौट भए पश्चात तालिम शुल्कका अतिरिक्त अन्तिममा सञ्चालन हुने कोरियन भाषा (EPS-TOPIK, UBT) परीक्षाका लागि HRD Service of Korea को नियमानुसार परीक्षा शुल्क अमेरिकी डलर २८ (अठ्ठाईस) (USD 28) तिर्नु पर्नेछ ।

५.परीक्षाको तरिका, परीक्षास्थल तथा परीक्षा समय सम्बन्धी विस्तृत विवरण :

क) परीक्षा आवेदनसंग संलग्न कागजातहरु पहिलो चरणमा मुल्याङकन समितिबाट निम्न अनुसारको अंक भारका आधिनमा रहि छानबिन हुनेछन् ।

| **Items** | **Evaluation Criteria** | **Score** | | | | |
|---|---|---|---|---|---|---|
| Vocational Training | Graduated from Field Related to Welding or Completed Vocational Training | 2 years or more | 1 year – less than 2 \years | 6 months – less than 1 year | 1 month – less than 6 months | Less than 1 month |
| | | 15 | 12 | 9 | 6 | 3 |
| Career | Experience at Industrial Site Related to Welding | 5 years or more | 3 years ~ 5 years | 1 year ~ 3 years | 6 months ~ 1 year | 1 month ~ 6 months |
| | | 15 | 12 | 9 | 6 | 3 |
| Korean Language | TOPIK Certification | Level 5 or more | Level 4 | Level 3 | Level 2 | Level 1 |
| | | 10 | 8 | 6 | 4 | 2 |
| Certificates | National Qualification related to Welding | NSTB Level 3 | NSTB Level 2 | NSTB Level 1 | NSTB not certified | |
| | | 10 | 6 | 3 | 0 | |
| Total | | 50 | | | | |

प्रक्रिया :-

क) HRD Service of Korea ले तोकेको संख्या अनुसार उच्च अंक ल्याउने ब्यक्तिहरु मध्येबाट अन्तरवार्ताको लागि छनौट हुनेछन् ।

ख) छनौट भएका ब्यक्तिहरुले प्रहरी प्रतिवेदन (Police report) र स्वास्थ्य परिक्षण (Health Checkup) मा समेत उत्तीर्ण हुनु पर्नेछ ।

ग) छनौट भएका ब्यक्तिहरुले आवश्यक सक्कल कागजात सहित अन्तरवार्तामा समावेश हुनुपर्नेछ । अन्तरवार्तामा कोरियन भाषा दक्षता, सम्बन्धित क्षेत्रतर्फको सीप, निजको बानि ब्यहोरा, आचरण जस्ता मापदण्ड अनुसार छनौट हुनेछन् । समान अंकको हकमा कोरियन भाषा परिक्षाको अंक, सीप र आचरण हेरी बढीमा पचास (५०) जना ब्यक्तिहरु छनौट हुनेछन् । साथै, त्यसपछिका उच्चतम अंक ल्याउने पाँच (५) जना क्रमश : बैकल्पिक उम्मेदवार रहनेछन् ।

घ) उत्तीर्ण पचास (५०) जना उम्मेदवारहरुले HRD Service of Korea, Nepal EPS Center को सन् १२ मार्च,२०२६ को प्राप्त पत्रानुसार रुपन्देही जिल्लाको बुटवल, तामनगरस्थित कोरिया नेपाल बहुप्राविधिक शिक्षालय (KNPI) मा १२० घण्टा वेल्डिङ र १२० घण्टा कोरियन भाषा गरी जम्मा २४० घण्टाको तालिम लिनु पर्ने छ । १२० घण्टाको कोरियन भाषा मध्येमा ७५ घण्टा अनिवार्य भाषा कक्षामा सहभागी भई भाषा परीक्षा (UBT) हुने साथै बाँकी ४५ घण्टा पूर्व अभिमुखिकरण तालिमको समयमा हुनेछ ।

ङ) कोरिया नेपाल बहुप्राविधिक शिक्षालय (KNPI) मा सञ्चालन हुने तालिमको लागि लाग्ने शुल्क व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ । सो को लागत आवासिय सेवा नलिएमा न्यूनतम रु.५५५००।- (अक्षरुपी पछपन्न हजार पाँच सय रुपैयाँ मात्र) र आवासिय सेवा लिएमा न्यूनतम रु.८८०००।- (अक्षरुपी अठासी हजार रुपैयाँ मात्र) लाग्नेछ ।

च) तालिममा सहभागी प्रशिक्षार्थीहरुले कोरियन भाषा परीक्षा (EPS-TOPIK, UBT) मा सहभागी हुनु पर्ने छ । अन्तमा तालिममा न्यूनतम ८० प्रतिशत उपस्थित भएको, सो तालिमका बेलामा लिईएका अभ्यास परीक्षामा औसत ६० प्रतिशत भन्दा बढी अंक हासिल गरेको र कोरियन भाषा परीक्षा (EPS-TOPIK, UBT) मा उच्चतम अंक प्राप्त गरेको व्यक्तिहरु मध्येमा उत्कृष्ट ५० जना व्यक्तिहरु मात्र योग्य सूची (Roster) मा समावेश हुने छन् ।

छ) उत्कष्ट ५० जना व्यक्तिहरु मध्ये केही कारणले कुनै उम्मेदवारले तालिममा सहभागी नभएमा वा बिचैमा छोडेमा बैकल्पिक उम्मेदवारको उच्चतम अंक ल्याउने व्यक्तिहरुबाट क्रमश: तालिममा सहभागि गराउन सकिने छ ।

ज) परीक्षार्थीहरुको परीक्षा सञ्चालन हुनुभन्दा अगाडी Biometric दर्ता तथा Verify गरी UBT(Tab) मार्फत सञ्चालन हुनेछ ।

६.परीक्षा प्रणाली र अङ्क भार :

| प्रश्न संरचना | प्रश्न संख्या | कूल पूर्णाङ्क | उत्तिर्णाङ्क | समय अबधि |
|---|---|---|---|---|
| Reading (पढाई) | २० | १०० | ४० | ५० मिनेट |
| Listening (सुनाई) | २० | | | |
| **Total** (जम्मा) | ४० | १०० | ४० | |

- EPS-TOPIK वस्तुगत बहुउत्तर (Multiple choices) को मूल्याङ्कनमा आधारित हुनेछ र Reading (पढाई) र Listening (सुनाई) परीक्षाको बीचमा मध्यान्तर हुने छैन, लगातार सुचारु हुनेछ ।

**७. परीक्षाको दिनको पूर्व तयारी :**

क) प्रत्येक आवेदकले आफ्नो प्रवेश पत्रको रङ्गीन प्रति र सक्कल राहदानी लिइ आउनुपर्नेछ । अन्यथा परीक्षामा सामेल गराईने छैन ।

८. अन्य जानकारीः

क) आवेदन फाराममा उल्लेखित आवेदकको व्यक्तिगत विवरण (जस्तै नाम, थर, जन्म मिति र फोटो) निजको राहदानीको भन्दा फरक परेमा परीक्षामा सामेल हुन नपाईने व्यहोरा जानकारी गराईन्छ ।

ख) Short List भैसकेका व्यक्तिहरुले प्रहरी प्रतिवेदन तथा स्वास्थ्य परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग) EPS अन्तर्गत रोजगार प्रकृयामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, ई.पी.एस.कोरिया शाखा, HRD Service of Korea, EPS Center, Nepal वाहेक अन्य कुनै पनि निजी संघ/संस्था, शैक्षिक संस्था वा व्यक्तिहरुको संलग्नता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>पुनश्चः-</u> विगत वर्षहरुमा यस प्रयोजनका लागि आवेदन साथ पेश हुन आएका कतिपय प्रमाणपत्रहरु शंकास्पद/नक्कली भएको पाइएकोले यस पटक सो दोहोरिन नदिन सम्बन्धित आवेदक/नोटरी पब्लिकलाई समेत जिम्मेवार बनाइनेछ । साथै, त्यस्ता कागजातहरु संलग्न भएको पाइएमा निज व्यक्ति/संस्थाहरु कानून बमोजिम कारवाहीको भागीदार हुनेछन् ।

**तालिममा सफल भई रोष्टर निर्माण भएता पनि रोजगारदाताको छनौटमा नपरे सम्म कोरियाको रोजगारिको अवसर प्राप्त नहुने हुँदा आफुले गरिरहेको काम, पेशा, व्यवसाय, अध्ययन, आदी सुचारु राख्न हुन समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।**

२०८२/१२/०२